# लोक सेवा आयोग

## अप्राविधिक तर्फका नेपाल प्रशासन र लेखापरीक्षण सेवा, लेखा समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति:- २०८०।०६।२२

समय: २ घण्टा ३० मिनेट | पूर्णाङ्क:- १००

पत्र: तृतीय

विषय: सेवा समूह सम्बन्धी (Service-Group Related Subject)

निम्न प्रश्नहरुको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

### Section – A (अंक - 30)

1. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली अनुसार बजेट तयार गर्ने प्रक्रिया उल्लेख गर्नुहोस्। 5
According to Fiscal Procedures and Financial Accountability Act and Regulation, mention the budget preparation process.

2. सार्वजनिक क्षेत्र लेखामानलाई परिभाषित गर्नुहोस्। साथै, सार्वजनिक वित्तीय व्यवस्थापनमा यसको महत्त्व व्याख्या गर्नुहोस्। 5
Define Public Sector Accounting Standard. In addition, explain its importance in public financial management.

3. एकल कोष खाता प्रणालीको परिचय र महत्त्व लेख्नुहोस्। 5
Write down the introduction and importance of Treasury Single Account System.

4. सुधारिएको नगदमा आधारित लेखा प्रणालीबारे स्पष्ट बर्णन गर्नुहोस्। 5
Describe clearly about modified cash basis accounting system.

5. "संगठनमा वित्तीय अनुशासन कायम गर्न लेखा प्रमुखले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ।" लेखा प्रमुखको काम, कर्तव्य र अधिकारलाई ध्यानमा राख्दै यस भनाइको पुष्टि गर्नुहोस्। 10
"Account Chief can play a significant role to maintain financial discipline in an organization." Justify this statement taking into consideration the functions, duties and rights of Account Chief.

### Section – B (अंक - 30)

6. सार्वजनिक खरिद कार्यमा संलग्न हुने पदाधिकारीले कस्तो आचारसंहिता पालना गर्नुपर्दछ ? स्पष्ट पार्नुहोस्। 5
What code of conduct should an official follow who is involved in public procurement proceeding? Clarify.

7. सार्वजनिक निकायमा खरिद एकाईको महत्त्व दर्शाउनुहोस्। 5
Show the importance of Procurement Unit in a public entity.

8. बैदेशिक सहायताको रुपमा प्राप्त सामानहरुको अभिलेख व्यवस्थापनमा देखापरेका कमजोरीबारे बर्णन गर्नुहोस्। 5
Describe about the weaknesses occurred in record management of the goods received in terms of Foreign Aid.

9. राजश्व व्यवस्थापन सूचना प्रणालीको उद्देश्य र महत्त्व बयान गर्नुहोस्। 5

Explain the objectives and importance of Revenue Management Information System.

10. मालसामानको अवस्थाको वर्गीकरण (जस्तैः साबुत राख्नुपर्ने, मर्मत सम्भार गर्नुपर्ने र लिलाम गर्नुपर्ने) ले जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउन कसरी सहयोग पुऱ्याउँदछ ? वर्णन गर्नुहोस्। 10

How does the classification of inventory's condition (like: to be kept intact, to be repaired and to be auctioned) help to make the inventory management effective ? Describe.

## Section – C

अंक - 40

11. आन्तरिक र बाह्य लेखापरीक्षणबीच स्पष्ट रुपमा फरक छुट्याउनुहोस्। 5

Differentiate clearly between internal and external audit.

12. आन्तरिक नियन्त्रणलाई परिभाषित गर्दै यसका तत्वहरुमाथि प्रकाश पार्नुहोस्। 5

Defining internal control, highlight on its elements.

13. विधि विज्ञान लेखापरीक्षणको अवधारणाबारे प्रष्ट पार्नुहोस्। 5

Clarify about the concept of Forensic Auditing.

14. आयकर ऐन, २०५८ बमोजिम कुन कुन संस्थाहरु "कर छुट पाउने संस्थाहरु" अन्तर्गत पर्दछन् ? उल्लेख गर्नुहोस्। 5

According to Income Tax Act, 2058, which institutions are included under "tax exempted institutions" ? Mention.

15. मूल्य अभिवृद्धि कर, २०५२ अनुसार करदाताद्वारा तिरिएको मूल्य अभिवृद्धि कर फिर्ता गर्ने प्रावधानहरु उल्लेख गर्नुहोस्। 5

According to Value Added Tax Act, 2052, mention the provisions of refunding value added tax paid by the taxpayer.

16. वित्तीय हस्तान्तरण भनेको के हो ? स्थानीय तह (सरकार) मा के कस्ता प्रकारका अनुदानहरु हस्तान्तरण गरिन्छन् ? लेख्नुहोस्। 5

What is Fiscal Transfer ? What types of grants are transferred to local level (government) ? Write down.

17. स्थानीय तह (सरकार) स्थापना भएको छोटो अवधिमा वित्तीय त्रुटी वा अनियमितता (बेरुजु) बढ्दो प्रवृत्तिमा रहेको छ। यस सन्दर्भमा, स्थानीय तहका यस्ता 'बेरुजु' को फछ्र्यौट सम्बन्धी व्यवस्थाहरु बर्णन गर्नुहोस्। साथै, यस्ता समस्याहरु कसरी समाधान गर्न सकिएला ? उल्लेख गर्नुहोस्। 5+5=10

In the short period of establishment of local level (government), financial error and irregularities (Beruju) is in increasing trend. In this context, describe the provisions relating to settlement of such 'Beruju' of local level (government). In addition, how such problems can be solved ? Mention.

<<< The End >>>